# परिच्छेद- ४
# नेपालको सहकारी क्षेत्रको बीस वर्षे रणनीतिक योजना

## ४.१ नेपालमा सहकारी क्षेत्रको विकासका मार्गदर्शक सिद्धान्त

मुलुकको आर्थिक तथा सामाजिक विकासको आधारस्तम्भका रुपमा नेपालको संवैधानिक व्यवस्थालेसहकारी क्षेत्रलाई स्थापित गरिसकिएको सन्दर्भमा सहकारिताका माध्यमबाट आर्थिक समृद्धि हासिल गर्न यस रणनीतिक योजनाको मार्गदर्शक सिद्धान्तका रुपमा सहकारी क्षेत्रमा नियमन, प्रवर्द्धन, उद्यमशीलता विकास, पुंजी परिचालन तथा सुशासन कायम गरी यस क्षेत्रलाई अर्थपूर्ण, सक्षम, सवल, समावेशी, दिगो र फराकिलो तुल्याउनु रहेको छ । यसै सन्दर्भमा यस रणनीतिक योजनाको मुख्य सैद्धान्तिक आधारका रुपमा अन्तरराष्ट्रिय सहकारी महासंघद्वारा स्थापित तथा नेपाललगायत सम्पूर्ण सदस्य राष्ट्रको सहमतिमा प्रवर्द्धित मूल्य र सिद्धान्तलाई राष्ट्रिय सामाजिक तथा आर्थिक विकासको आधारका रुपमा संस्थागत गर्ने, दिगो विकास लक्ष्य २०३० ले परिलक्षित गरेका र नेपालले प्रतिवद्धता गरेका उपलब्धि हासिल गर्ने, नेपालको चौधौं योजनामा उल्लिखित सहकारी प्रवर्द्धन र सुशासनका लक्षित योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गरी नतिजा हासिल गर्ने र सहकारी क्षेत्रको दीर्घकालीन एवं दिगो विकासका लागि आधार निर्माण गरी अघि बढ्ने, मुलुकको आर्थिक विकासमा सहकारी क्षेत्रलाई सक्षम तुल्याई सहकारी उन्मुख आर्थिक पद्धति स्थापना गर्ने, सामाजिक आर्थिक रुपान्तरणका लागि सहकारी क्षेत्रको सक्षमताको अधिकतम उपयोग गर्नका लागि सहकारी सुशासन र सहकारी संस्कृति सुदृढ गर्ने जस्ता विषय समावेश गरेको छ ।

सहकारी क्षेत्रको विश्लेषणात्मक अध्ययनले सहकारी क्षेत्रलाई दीर्घकालीन प्रभावकारिताका दृष्टिले सशक्त बनाउन समष्टीगत आर्थिक नीतिको सवल र सक्षम स्तम्भका रुपमा स्थापित गर्न प्राथमिकीकरण र मूलप्रवाहीकरण गर्नु पर्ने, उद्यमशीलता र औद्योगीकरणमा सहकारीको स्थान अग्रणी बनाउनु पर्ने, सुशासनको सुनिश्चिततासहित यस क्षेत्रलाई जवाफदेही र पारदर्शी एवं पेशागत नैतिकता कायम गर्न सक्षम बनाउनु पर्ने, सहकारी क्षेत्रलाई संख्यात्मक रुपमा भन्दा गुणात्मक रुपमा विस्तारित र सवल तुल्याउनु पर्ने, सहकारिता क्षेत्रको अर्थपूर्ण र मर्यादित स्थान हासिल गर्न सूचना, शिक्षा र संचारको माध्यमबाट सहकारी संस्कृतिको विकास गर्नु पर्ने, अर्थपूर्ण रुपमा सहकारीलाई समावेशी बनाई युवा विकास, महिला सशक्तीकरण, पिछडिएका वर्ग र क्षेत्रको विकास, वातावरण मैत्री विकास र गरिबी निवारणजस्ता दिगो विकासका आधारभूत पक्षलाई सहकारी क्षेत्रमा समाहित गरी दीर्घकालसम्म अपेक्षित गतिशील उपलब्धि हासिल गर्न सक्ने तुल्याउनु पर्ने आवश्यकता र औचित्य टड्कारो रुपमा देखाएको छ । यिनै निष्कर्षलाई आत्मसात गरी सहकारीलाई मुलुकको शासन र विकासमा रणनीतिक महत्वको क्षेत्रका रुपमा स्थापित गर्न र दिगो प्रभावकारिताका लागि बीस बर्षे रणनीतिक योजनाको आवश्यकता र औचित्य रहेको कुरा स्पष्ट भएको छ ।

यस रणनीतिक योजनाले नेपालको सहकारी क्षेत्रका निमित आगामी बीस बर्षको मार्ग चित्र प्रस्टयाउनेछ । योजना अवधिमा सहकारी क्षेत्रमा उद्यमशीलताको प्रर्याप्त विकास भै सहकारी सदस्य एवं समूहहरुको आर्थिक एंव सामाजिक स्थितिमा उल्लेख्य सुधार हुनेछ । आगामी बीस बर्षको

अवधिमा  सहकारी क्षेत्रको प्रक्षेपित स्थान हासिल हुने र सहकारी क्षेत्रको अन्य क्षेत्रहरुसँगको अन्तर सम्वन्धमा विस्तार हुनाका साथै अर्थतन्त्रको सन्तुलित विकास एंव रोजगारीको सृजनामा योगदान पुग्नेछ । सहकारी क्षेत्रको दीर्घकालीन रणनीतिक योजनाको कार्यान्वयनवाट सहकारीको परम्परागत संरचनालाई उद्यमशीलता एंव उत्पादनशीलता अभिवृद्धितर्फ रुपान्तरण हुनेछ । सहकारी क्षेत्रको प्रस्तुत दीर्घकालीन रणनीतिक योजनाले सहकारी क्षेत्रमा नेपालको स्थिति के रहेको छ? सहकारी क्षेत्रको दीर्घकालीन विकासका लागि सम्भावना र सक्षमता कस्तो रहेको छ? मुलुकको दिगो आर्थिक विकासका लागि सहकारी क्षेत्रको योगदान बढाउन के गर्नु पर्ने हो ? मुलुकको आर्थिक विकासका लागि सहकारी क्षेत्रको आधार फराकिलो तुल्याउन के कस्ता उपाय अवलम्वन गर्नु पर्ने हो? सहकारी क्षेत्रमा सुशासन कायम गरी नियमनात्मक प्रभावकारिता, जवाफदेहिता र सहभागिता हासिल गर्ने आधारभूत सक्षमता हासिल गर्न के कस्तो प्रयाश आवश्यक देखिन्छ? आदि विषयमा प्रष्ट पार्ने जमर्को गरेको छ ।

## ४.२   सहकारी क्षेत्रको दीर्घकालीन रणनीतिक योजनाको दृष्टिकोण र अवधारणा

मुलुकको दिगो तथा समतामूलक आर्थिक, सामाजिक तथा सास्कृतिक विकासका लागि सहकारी क्षेत्रको व्यापकता, गुणस्तरियता एवं सक्षमता हासिल गरी सहकारी सदस्यहरुको जीवनस्तर उकास्नमा सघाउ पुऱ्याउनु दीर्घकालीन सहकारी रणनीतिक योजनाको मूलभूत दृष्टिकोण हुनेछ ।

प्रस्तावित रणनीतिक योजनाले मूलभूत रुपमा देहायका दृष्टिकोण आत्मसात गरेको छः

| रणनीतिक दृष्टिकोण | व्याख्या |
|---|---|
| ***मूलप्रवाहीकरणको दृष्टिकोण*** | सहकारी क्षेत्रको विकासको विषयलाई मुलुकको आर्थिक तथा सामाजिक विकासको प्राथमिकतामा समावेश गरी सबै क्षेत्रगत तथा शासकीय संरचनामा एकीकरण, संस्थागत क्षमता विकास, पद्धतिगत विकास र जवाफदेहितासहितको स्वामित्व ग्रहण गर्न सवलता हासिल गर्ने । |
| ***सवल तथा अनुकूल वातावरण निर्माणको दृष्टिकोण*** | सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका लागि नीतिगत, कानुनी, वित्तीय तथा प्रशासनिक सवलता र अनुकूलता सुनिश्चित गर्ने । |
| ***अर्थपूर्ण समावेशीकरणको दृष्टिकोण*** | सहकारी क्षेत्रमा आर्थिक, लैंगिक, भौगोलिक, सामाजिक सांस्कृतिक दृष्टिले अर्थपूर्ण र समतायुक्त सहभागिता सुनिश्चित गर्ने । |
| ***उत्पादकत्व र उद्यमशीलताको दृष्टिकोण*** | सहकारी क्षेत्रलाई आर्थिक विकासमा योगदान गर्न सक्षम हुनेगरी उत्पादशीलता, उत्पादकत्व र उद्यमशीलताका दृष्टिले यस क्षेत्रको प्रवर्द्धन र विकास गर्ने । |
| ***दिगो जीवनयापन विकासका लागि सहकारीको दृष्टिकोण*** | सहकारीमा उद्यमशीलता, उपयुक्त सीप र दक्षता, वातावरणीय अनुकूलन एवं रोजगारी र आयआर्जन क्षमताका आधारमा सहकारी मार्फत दिगो जीवनयापनको आधार निर्माण गर्ने । |

| | |
|---|---|
| ***सहकारी सुशासनको दृष्टिकोण*** | सहकारिताका आधारभूत सिद्धान्त, मूल्य र मान्यताको सम्वर्द्धन गर्दै सहकारी क्षेत्रको गुणात्मकता हासिल गर्न नियमितता, जवाफदेहिता, पारदर्शिता र सहभागिता सुनिश्चित गर्ने । |
| ***सामुदायिक सशक्तीकरणको दृष्टिकोण*** | सहकारीको माध्यमबाट समुदायको आर्थिक, सामाजिक तथा व्यावसायिक सशक्तीकरणमा योगदान गर्ने । |

## ४.३ रणनीतिक योजनाको दीर्घकालीन सोच र परिदृश्य

***"आर्थिक सामाजिक रुपान्तरणका लागि उत्पादनशील,सक्षम, फराकिलोर दिगो सहकारी"***

## ४.४ रणनीतिक योजनाको ध्येय र प्राथमिकताका क्षेत्र

सहकारीको मुल्य र सिद्धान्तलाई आत्मसात गर्दै उपलब्ध स्रोत, साधन, श्रम, सीप र पुँजीको अधिकतम परिचालनद्धारा उद्यमशिलता प्रवर्द्धन, उत्पादकत्व वृद्धि तथा रोजगारी सृजना गरी सहकारीलाई अर्थतन्त्रको एक सवल स्तम्भको रुपमा स्थापित गर्नु दीर्घकालिन सहकारी रणनीतिक योजनाको मुख्य ध्येय हुनेछ ।

प्रस्तुत रणनीतिक योजनाका प्राथमिकताका क्षेत्र देहाय बमोजिम रहेका छन्ः

(क) सहकारी क्षेत्रलाई मुलुकको आर्थिक तथा सामाजिक विकासको आधारस्तम्भका रुपमा स्थापित गर्ने ।

(ख) सहकारी क्षेत्रमा उद्यमशीलताको विकास र रोजगारी प्रवर्द्धन गरी सहकारी औद्योगीकरणमा जोड दिने ।

(ग) सहकारी सदस्य तथा समुदायको सामाजिक तथा आर्थिक रुपान्तरण गर्ने एवं दिगो र गुणस्तरयुक्त जीवनयापनका लागि सहकारिताको प्रवर्द्धन र परिचालन गर्ने ।

(घ) सहकारीको आधारभूत सिद्धान्त र मूल्यको सम्वर्द्धन गरी सहकारी क्षेत्रमा सुशासन कायम गर्ने ।

## ४.५ रणनीतिक योजनाको दीर्घकालीन उद्देश्य र परिलक्ष्य

(क) सहकारी क्षेत्रको वित्तीय स्रोत, श्रम, सीप र पुंजीको परिचालन गरी सहकारी उन्मुख आर्थिक समृद्धि हासिल गर्ने ।

(ख) मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि सहकारी क्षेत्रलाई सक्षम र सशक्त तुल्याउने ।

(ग) सहकारीका सिद्धान्त र मूल्यको सम्वर्द्धन गरी सहकारी संस्कृतिको विकास गर्ने ।

(घ) सहकारी क्षेत्रमा संस्थागत क्षमता, स्वायत्तता, जवाफदेहिता, पारदर्शिता र कानुनी परिपालनाका लागि सहकारी सुशासन कायम गर्ने ।

## ४.६ सहकारी क्षेत्रको विकासका रणनीतिक स्तम्भहरू (Strategic Pillars)

देहायबमोजिम रहेका छन्:




## ४.७ रणनीतिक योजनाले हासिल गर्नुपर्ने उपलब्धिको क्षेत्र र परिमाणात्मक कार्यलक्ष्यको प्रक्षेपण (Projection of Quantifiable Targets and Expected Outcomes)

| उपलब्धिको क्षेत्र र परिमाणात्मक कार्यलक्ष्य | एकाइ | ५ बर्षभित्र (२०७८।७९) सम्पन्न गर्ने कार्यलक्ष्य र उपलब्धि | १० बर्षभित्र (२०८३।८४) सम्पन्न गर्ने कार्यलक्ष्य र उपलब्धि | १५ बर्षभित्र (२०८८।८९) सम्पन्न गर्ने कार्यलक्ष्य र उपलब्धि | २० बर्षभित्र (२०९३।९४) सम्पन्न गर्ने कार्यलक्ष्य र उपलब्धि |
|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रको योगदान | प्रतिशत | ३.५० | ४.०० | ५.०० | ६.०० |
| कुल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रको बचत | रु अर्बमा | २९६ | १८३७ | ५७६८ | १६६११ |
| सहकारी क्षेत्रमा कुल लगानी | रु अर्बमा | ६३० | १६५४ | ५१९६ | १४५१४ |

| | | | | | |
|---|---|---|---|---|---|
| **सहकारी क्षेत्रमा शेयर पुंजी लगानी** | रु अर्बमा | १३९ | ३६४ | ११४३ | ३१९३ |
| **सहकारी क्षेत्रको लगानी र कुल गार्हस्थ उत्पादन अनुपात** | प्रतिशतमा | १३.६१ | १७.४७ | २३.१२ | ३०.८२ |
| **प्रत्यक्ष रोजगारी**<br>**महिला**<br>**पुरुष** | संख्या हजारमा | <br>३०<br>३३ | <br>४०<br>४२ | <br>६०<br>६१ | <br>९०<br>९० |
| **सहकारी संस्थाको संख्या** | हजारमा | ४९ | ६३ | ७९ | ९२ |
| **सहकारी सीप विकास** | सहकारीमा संलग्न सदस्य संख्याको प्रतिशतमा | २० | ३० | ४५ | ६० |
| **निर्णय तहमा महिला सहभागिता** | प्रतिशतमा | २५ | ३० | ४० | ५० |
| **सहकारी क्षेत्रमा संलग्न व्यक्ति (१५ बर्ष माथिका)** | प्रतिशतमा | ४६ | ५८ | ६८ | ७५ |
| **सहकारी क्षेत्रमा संलग्न व्यक्ति (१५ बर्ष माथिका)** | संख्या लाखमा | ९२ | १२३ | १५९ | १८० |

## ४.८ सहकारी क्षेत्रको विकासका विभिन्न तह

यस रणनीतिक योजनाले संवैधानिक व्यवस्थासंग सामाञ्जस्य कायम हुने गरी नेपालमा सहकारी क्षेत्रको विकास देहायका तहमा निर्दिष्ट गर्नुपर्ने आवश्यकता प्रष्ट पारेको छ ।




## ४.९ रणनीतिक योजनाले अवलम्बन गर्ने रणनीति एवं योजना तथा कार्यक्रम

देहाय बमोजिम प्रस्तुत गरिएका छन्:

| उद्देश्य । उपलब्धिको क्षेत्र | रणनीति | योजना र कार्यक्रम |
|---|---|---|
| (क) ***सहकारी क्षेत्रको वित्तीय स्रोत, श्रम, सीप र पुंजीको परिचालन गरी सहकारी उन्मुख आर्थिक समृद्धि हासिल गर्ने ।*** | (क) सहकारीको उद्यमशीलता विकासको विषयलाई रणनीतिक प्राथमिकताका रुपमा समावेश गर्ने ।<br><br>(ख) सहकारीको व्यावसायिक रुपान्तरणका लागि आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सीप विकास गर्ने । | १. समष्टीगत आर्थिक नीतिमा सहकारी क्षेत्रको मान्यता र सहकारी अर्थतन्त्रको प्राथमिकीकरण<br><br>२. विषयगत क्षेत्र (कृषि, पर्यटन, उद्योग, उर्जा, पूर्वाधार विकास, बैंकिंग तथा वित्तीय सेवा, बीमा व्यवसाय, यातायात, वन, आधारभूत सेवा) मा सहकारिता प्रवर्द्धन र रोजगारी विकासका विशेष योजना तथा कार्यक्रम<br><br>३.सहकारी उद्यमशीलता विकास कार्यक्रम |

| | | |
|---|---|---|
| | (ग) सहकारी व्यवस्थित औद्योगिक व्यवसाय तथा लगानी प्रवर्द्धनका उपाय अवलम्बन गर्ने । | ४. महिला सहकारी उद्यमशीलता विकास कार्यक्रम<br>५. सहकारी उद्यमशीलताका लागि व्यावसायिक विकास सहयोग<br>६. युवा लक्षित सहकारी उद्यमशीलता विकास<br>७.सहकारीसापेक्ष उद्यमशीलता प्रवर्द्धनका लागि अनुसन्धान |
| | (घ) स्वच्छ र वातावरणमैत्री प्रविधिको उपयोग गर्ने क्षमता विकास तथा प्रोत्साहन गर्ने । | ८. सहकारी प्राज्ञिक तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना<br>९. सहकारी प्रशिक्षण प्रणालीको सुदृढीकरण र विस्तार |
| | (ङ) सहकारीलाई रोजगारी प्रवर्द्धन र दिगो जीवनयापनका आधारका रुपमा स्थापित गर्ने । | १०. प्रादेशिक तथा स्थानीय तहमा सहकारी व्यावसायिक तालिम<br>११. सहकारी नेतृत्व विकास तथा व्यावसायिक तालिमको प्रभावकारिताका लागि अनुगमन र मूल्यांकन व्यवस्थामा सुधार |
| | (च) उत्पादनशील सहकारीका लागि वित्तीय प्रोत्साहन उपलब्ध गराउने । | १२.सहकारी उन्मुख औद्योगिक व्यवसाय प्रवर्द्धन तथा लगानी प्रवर्द्धन<br>१३. ग्रामीण क्षेत्रमा सहकारी खेती तथा उद्यम प्रवर्द्धन र प्रोत्साहन |
| | (छ) युवा विकासमा सहकारीको योगदान स्पष्ट हुने गरी परिचालन गर्ने । | १४.सहकारी प्रवर्द्धित विशेष आर्थिक क्षेत्रको स्थापना<br>१५.सहकारी उद्यम सम्भाव्यता अध्ययन र औद्योगिक परियोजना बैंक स्थापना<br>१६.सहकारीका लागि उपयुक्त औद्योगिक प्रविधि विकासका लागि अनुसन्धान<br>१७.सहकारी बैंकको सुदृढीकरण<br>१८.सहकारी लगानी मन्चको स्थापना<br>१९.सहकारी मार्फत युवा स्वरोजगार प्रवर्द्धन<br>२०.वैदेशिक रोजगारीबाट फर्केका युवाको व्यावसायिक दक्षताको उपयोग र प्रवर्द्धनका लागि आर्थिक पुनर्एकीकरण<br>२१.सहकारी उद्यम तथा रोजगारीका लागि वित्तीय तथा व्यवस्थापकीय प्रोत्साहन |

| | | |
|---|---|---|
| | | २२.सहकारी रोजगार प्रवर्द्धन कोष स्थापना<br><br>२३.सहकारी उद्यमको उत्पादकत्व अभिवृद्धि सहयोग कार्यक्रम<br><br>२४.अनौपचारिक आर्थिक क्षेत्रमा सहकारीकरणको विस्तार<br><br>२५.रोजगारीका आधारमा सहकारीलाई प्रोत्साहन<br><br>२६. वातावरणमैत्री उत्पादनमा सहकारीको क्षमता विकास<br><br>२७. वित्तीय प्रोत्साहनलाई दिगो तुल्याउन प्रोत्साहन कोषको व्यवस्था |
| | | |
| ***(ख) मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि सहकारी क्षेत्रलाई सक्षम र सशक्त तुल्याउने ।*** | (क) सहकारीलाई संघीय शासकीय संरचनामा मूलप्रवाहीकरण गर्ने ।<br><br>(ख) सामुदायिक विकासमा सहकारीलाई परिचालन गर्ने ।<br><br>(ग) उत्पादनशील क्षेत्रमा सहकारी परिचालन र बजारीकरण क्षमता विकास गर्ने ।<br><br>(घ) सहकारी मैत्री कर प्रणाली स्थापना गरी वित्तीय सुविधा तथा प्रोत्साहन उपलब्ध गराउने ।<br><br>(ङ) सहकारी क्षेत्रको विकासमा सार्वजनिक लगानीको प्राथमिकीकरण गर्ने ।<br><br>(च) सहकारी मार्फत अर्थपूर्ण | १. विषयगत र क्षेत्रगत विकासमा सहकारीलाई मूलप्रवाहीकरण गर्ने गरी क्षमता विकास<br><br>२. संघीय, प्रादेशिक तथा स्थानीय तहको शासकीय संरचनामा सहकारी क्षेत्रलाई प्राथमिकीकरण<br><br>३. आर्थिक स्थायित्व र सन्तुलनका लागि सहकारी बजार प्रवर्द्धन कार्यक्रम<br><br>४. समाजमा पछाडी परेका समुलायका लागि लक्षित समूह सहकारी प्रवर्द्धन र पहुंच अभिवृद्धि कार्यक्रम<br><br>५. दिगो जीवनयापनका लागि सहकारी प्रोत्साहन कार्यक्रम<br><br>६. सहकारी क्षेत्रमा सार्वजनिक लगानी प्रवर्द्धन कार्यक्रम<br><br>७.सहकारी क्षेत्रको अग्रसरतामा लैंगिक समानता र सामाजिक समावेशीकरण अभियान<br><br>८. सहकारी मार्फत सामुदायिक आधारभूत सेवा विस्तार र पहुंच बृद्धि<br><br>९. युवावर्गको सामाजिक तथा आर्थिक विकासमा सहकारीको परिचालन<br><br>१०. प्राकृतिक स्रोतको संरक्षण, हरित उत्पादन र दिगो विकासका लागि सहकारीको क्षमता विकास<br><br>११. जलवायु परिवर्तन समानुकूलनमा सहकारीको |

| | | |
|---|---|---|
| | समावेशीकरण हासिल गर्ने ।<br><br>(छ) आर्थिक विकासका प्रमुख क्षेत्रमा सहकारीको सहभागिता प्रवर्द्धन गर्ने ।<br><br>(ज) अर्थतन्त्रको स्थानीयकरणमा सहकारीको उपयोग गर्ने | योगदान वृद्धि<br><br>१२. सहकारी मार्फत खाद्य सुरक्षा कार्यक्रम<br><br>१३. सहकारी खेतीको आधुनिकीकरण र उत्पादन वृद्धि<br><br>१४. सामाजिक व्यवहार सुधारमा सहकारीको परिचालन<br><br>१५. स्थानीय तहमा सहकारिता विस्तार र प्रवर्द्धन |
| | | |
| ***(ग) सहकारीका सिद्धान्त र मूल्यको सम्वर्द्धन गरी सहकारी संस्कृतिको विकास गर्ने ।*** | (क) सहकारिताको प्रवर्द्धनका लागि सूचना, शिक्षा र संचारको रणनीति बनाई कार्यान्वयन गर्ने ।<br><br>(ख) सहकारिताको प्रवर्द्धन र सचेतना विकासमा सामुदायिक परिचालन गर्ने ।<br><br>(ग) प्राज्ञिक, व्यावसायिक तथा कार्यमूलक शिक्षा तथा तालिममा सहकारी सिद्धान्त र मूल्य आत्मसात गर्ने क्षमता विकास गर्ने ।<br><br>(घ) सहकारी सदस्यको नैतिकता प्रवर्द्धन, सहकारितामा आधारित कार्यसम्पादन र उत्पादनको संस्कारसहितको व्यावसायिक दक्षता अभिवृद्धि गर्ने ।<br><br>(ङ) सहकारी क्षेत्रमा नवप्रवर्तनीयता र सृजनात्मकतालाई प्रोत्साहन प्रदान गर्न तुलनात्मक रुपमा सहकारी विकासका सम्भावना बढी भएका क्षेत्रमा | १. सहकारी साक्षरता तथा सचेतना विकास कार्यक्रम<br><br>२. सहकारी प्रलेख स्रोत केन्द्र स्थापना<br><br>३. अनौपचारिक क्षेत्रमा सहकारी शिक्षा प्रवर्द्धन<br><br>४. सहकारिता शिक्षा र प्रवर्द्धनका लागि सामुदायिक संस्था परिचालन कार्यक्रम<br><br>५. महिला तथा युवाविशेष सहकारी संस्कृति प्रवर्द्धन<br><br>६. सहकारी व्यवस्थापन विकास प्रतिष्ठानको स्थापना<br><br>७.सहकारी संस्थामा कार्यसम्पादन तथा उत्पादकत्वमा आधारित व्यवस्थापन प्रणालीको सुदृढीकरण<br><br>८. अन्तर सहकारी संजाल विकास र सुदृढीकरण<br><br>९.सहकारी निजी क्षेत्र साझेदारी प्रवर्द्धन कार्यक्रम<br><br>१०. सहकारिता प्रवर्द्धनका लागि आमसंचारको उपयोग<br><br>११. सहकारिताको विस्तारका लागि युवा लक्षित कार्यक्रम<br><br>१२. सहकारी सदस्य तथा समूहमा सहकारी नैतिकता तथा व्यावसायिकताको विकास |

| | | |
|---|---|---|
| | अनुसन्धान र विकासलाई संस्थागत गर्ने ।<br><br>(च) सहकारी सम्वद्ध सरोकारवालाबीच अर्थपूर्ण साझेदारी र सहकार्य प्रवर्द्धन गर्ने । | |
| | | |
| ***(घ) सहकारी क्षेत्रमा संस्थागत क्षमता, स्वायत्तता, जवाफदेहिता र कानुनी परिपालनाका लागि सहकारी सुशासन कायम गर्ने ।*** | (क) सहकारिताको प्रवर्द्धन र विकासका लागि सहकारी प्रवर्द्धनमुखी नीति तथा कानुनी व्यवस्था गर्ने ।<br><br>(ख) सहकारी संस्थाको संस्थागत सुशासनका लागि सुदृढीकरणका उपाय अवलम्वन गर्ने ।<br><br>(ग) सहकारी संस्थामा जवाफदेहिताको सुनिश्चिततासहित नेतृत्व विकास गर्ने ।<br><br>(घ) सहकारी संस्थामा लोकतान्त्रिक मूल्य र सिद्धान्तको सम्वर्द्धनमा सहकारी सदस्यको सक्रिय र जवाफदेही सहभागिता सुनिश्चित गर्ने ।<br><br>(ङ) वित्तीय जवाफदेहिता र स्वायत्तताबीचको उद्देश्यपरक सामन्जस्य कायम गर्ने ।<br><br>(च) सहकारी सदस्यको सर्वोपरि हितको संरक्षण गर्ने ।<br><br>(छ) सहकारी सदस्यको सक्रिय संलग्नतामा निरन्तर सुधार गर्ने ।<br><br>(ज) सहकारी क्षेत्रमा वित्तीय सुशासनका लागि जोखिम व्यवस्थापन क्षमताको विकास | १. सहकारी नीति अनुसन्धान तथा सुधार योजना<br><br>२. सहकारीमैत्री कानुनी सुधार कार्यक्रम<br><br>३. सहकारी नियमनका लागि संस्थागत सुधार कार्यक्रम<br><br>४. सहकारी व्यवस्थापन दक्षता अभिवृद्धि कार्यक्रम<br><br>५. सहकारी क्षेत्रमा स्वार्थको द्वन्द्वको व्यवस्थापन क्षमता सुदृढीकरण<br><br>६. कार्यसम्पादन क्षमताका आधारमा सहकारी प्रोत्साहन कार्यक्रम<br><br>७. सहकारी संस्थाका पदाधिकारीको नेतृत्व क्षमता विकास<br><br>८. सहकारीमा संलग्नतासम्बन्धी मापदण्ड र आधार निर्धारण<br><br>९. सहकारी संस्थाहरुको गुणात्मक एकीकरणका लागि प्रोत्साहनात्मक व्यवस्था<br><br>१०. सहकारीमा सहभागिताका लागि आवश्यक नैतिक र व्यवसायिक क्षमता निर्धारण<br><br>११. सहकारी संस्थाको स्व:नियमन, अनुगमन र मूल्यांकन व्यवस्थाको सुदृढीकरण<br><br>१२. सहकारी संस्थाको सामाजिक लेखापरीक्षण<br><br>१३. सहकारी सदस्यको सामाजिक तथा व्यवसायिक सुरक्षा कार्यक्रम<br><br>१४. सहकारीको संस्थागत तथा कार्यगत सुधारका लागि |

| | | |
|---|---|---|
| | गर्ने ।<br>(झ) सहकारी व्यवस्थापनमा सूचना प्रविधिको उपयोगलाई विस्तार गर्ने । | १५. सहकारी सदस्यको क्षमता विकास तथा उपयोग कार्यक्रम<br>१६. सहकारी संस्थाको वित्तीय जोखिम नियन्त्रण क्षमता सुदृढीकरण<br>१७. वित्तीय जोखिम व्यवस्थापनको मापदण्ड निर्धारण<br>१८. सहकारी संस्था तथा सदस्यको सूचना प्रविधिसम्बन्धी क्षमता विकास<br>१९ . सहकारीमा सूचना प्रविधिको उपयोग क्षमता विकास<br>२०. सहकारीमा इ-कमर्स र इ-मार्केटिंग क्षमता विकास<br>२१. सहकारी सूचना प्रविधि केन्द्रको स्थापना |

## ४.१० उपलब्धिको क्षेत्रअनुसार रणनीतिक योजनाको अपेक्षित उपलब्धि तथा नतिजा

देहाय बमोजिम हुने अनुमानित प्रक्षेपण प्रस्तुत गरिएको छः

| क्र.सं. | उपलब्धि । नतिजाको क्षेत्र | अपेक्षित उपलब्धि | | |
|---|---|---|---|---|
| | | **उपलब्धिको हासिल हुने विषय** | **एकाइ** | **उपलब्धिको परिमाण (२० वर्षभित्र)** |
| १ | ***आर्थिक विकासमा सहकारी क्षेत्रको योगदान*** | कुल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रको योगदान | प्रतिशत | ६.०० |
| | | कुल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रको बचत | रु अर्बमा | १६६११ |
| | | सहकारी क्षेत्रमा ऋण लगानी | रु अर्बमा | ३६५८ |
| | | सहकारी क्षेत्रमा पुँजी लगानी | रु अर्बमा | ३१९३ |
| | | सहकारी क्षेत्रको लगानी र कुल गार्हस्थ उत्पादन बीचको अनुपात | प्रतिशत | ३०.८२ |
| | | | | |
| २ | ***सहकारी क्षेत्रको विस्तार र सहभागिता*** | सहकारी संस्थाको संख्या | हजारमा | ९२ |
| | | प्रति सहकारी सदस्य संख्या | संख्या | २०७ |

| | | | | |
|---|---|---|---|---|
| | | सहकारी क्षेत्रमा संलग्न व्यक्ति (१५ बर्ष माथिका) | प्रतिशत | ७५ |
| | | सहकारी क्षेत्रमा संलग्न व्यक्ति (१५ बर्ष माथिका) | लाखमा | १८० |
| | | निर्णय तहमा महिला सहभागिता | प्रतिशत | ५० |
| | | | | |
| ३ | ***सहकारीमा सीप विकास र रोजगारी*** | सहकारी सीप विकास | सहकारीमा संलग्न सदस्यको प्रतिशतमा | ६० |
| | | प्रत्यक्ष रोजगारी<br>महिला<br>पुरुष | संख्या हजारमा | <br>९०<br>९० |
| | | अप्रत्यक्ष रोजगारी | संख्या लाखमा | ५० |
| | | | | |
| ४ | ***सहकारी सुशासन*** | सहकारीमैत्री नीति र कानुन | | |
| | | सहकारी नियमन क्षमता हासिल | | |
| | | जवाफदेही सहकारी पद्धतिको प्राप्ती | | |
| | | सहकारीमा संस्थागत सुशासन कायम | | |
| | | सहकारीको सेवा प्रवाह क्षमता हासिल | | |
| | | सहकारीमा नीतिगत तथा वित्तीय जोखिम नियन्त्रण | | |
| | | | | |

| | | |
|---|---|---|
| ५ | ***सहकारीका सिद्धान्त र मूल्यको सम्वर्द्धन*** | सहकारी मूल्य र सिद्धान्तसहित सहकारी संस्कृतिको विकास |
| | | सहकारी सदस्यको व्यावसायिक क्षमता, अर्थपूर्ण सहभागिता र नैतिकता कायम |
| | | शासन र विकासमा सहकारी क्षेत्रको मूलप्रवाहीकरण |
| | | समष्टीगत आर्थिक नीतिमा सहकारी क्षेत्रलाई प्राथमिकता र मान्यता |
| | | |
| ६ | ***सहकारी उद्यमशीलता विकास*** | सहकारीमा उद्यमशील संस्कारको विकास |
| | | सहकारी संस्थामा कार्यसम्पादन र उत्पादनको संस्कृतिको विकास |